(वीर सहिदहरुको संस्मरणमा कीर्तिपुर,काठमाडौंबाट प्रकाशित )

जि.प्र.का.दर्ता न ५८/२०६३

# सहिद

SAHID WEEKLY साप्ताहिक

वर्ष १५, अंक ६, पृष्ठ-६ ने.सं. ११३८ बछला गा:, एकादर्शी, वि. सं. २०७५ बैशाख २८ गते शुक्रबार MAY 2018 मूल्य रू. ५।-

**कीर्तिपुर नगरपालिकाको सूचना**

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार यस नगरपालिकाबाट घर घरमा खटिई आउने कर्मचारीहरु मार्फत् सम्पूर्ण नगरवासीहरुले घर बहाल कर फाराम भरी सहयोग गरी दिनुहुन अनुरोध गरिन्छ ।

**कीर्तिपुर नगरपालिकाको कार्यालय**
देवढोका, कीर्तिपुर

## नेक्राविसंघको बाह्रौं राष्ट्रिय सम्मेलन कीर्तिपुरमा

काठमाडौं । नेपाल क्रान्तिकारी विद्यार्थी संघको बाह्रौं राष्ट्रिय सम्मेलन आज शुक्रबारबाट सुरु हुँदैछ ।

आज त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस अडिटोरियम हल कीर्तिपुरमा एक समारोहबीच नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले उद्घाटन गर्नुहुने कार्यक्रम छ ।

'मार्क्सवादी साहित्यको अध्ययन गरौं, नवउदारवादको विरोध गरौं' भन्ने मूल नाराका साथ हुन लागेको सम्मेलनलाई विश्व सर्वहारा वर्गका महान् गुरु कार्ल मार्क्सको २०० औं जन्म दिवसको सन्दर्भसँग जोडिने आयोजक सम्मेलन तयारी समितिले जनाएको छ ।

सम्मेलनअन्तर्गत देशभरबाट राजधानी भेला भएका विद्यार्थीहरुलाई मार्क्सवादका विभिन्न आधारभूत पक्षको प्रशिक्षण र अन्तरक्रिया गरिने बताइएको छ ।

सम्मेलनको प्रचारार्थ जिल्ला जिल्ला र क्याम्पस-विद्यालयहरुमा पर्चा वितरण, प्रशिक्षण कार्यक्रम, पम्पलेडिङलगायतका गतिविधि गरिसकेको आयोजकले जनाएको छ । सम्मेलनमा सहभागी बन्न जिल्ला जिल्लाबाट राजधानी आउने क्रम सुरु भएको आयोजक समितिका संयोजक नीरज लवजूले जानकारी दिनुभयो ।

सम्मेलन बैशाख ३० गतेसम्म चालू रहनेछ । सम्मेलनले नेक्राविसंघको नयाँ केन्द्रीय समिति चयन गर्नेछ ।

### मार्क्सको २०० औं जन्म दिवसमा का. रोहितको अन्तर्वार्ता



पृष्ठ ४ मा हेर्नुहोला

## २५० वर्षअघिको कीर्तिपुर तस्बिरमा

काठमाडौं । इन्द्रायणी परिवार क्वल कीर्तिपुरको आयोजनामा कीर्तिपुरका ऐतिहासिक फोटो प्रदर्शनी शनिबार उमामहेश्वर मन्दिर परिसरमा सम्पन्न भयो ।

प्रदर्शनी कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले उद्घाटन गर्नुभएको थियो ।


विशेष अतिथि चाइना कल्चरका निर्देशक यिन क्वीन शुङ्गले चाइना कल्चर सेन्टरमा भ्रमण र अवलोकन गर्नको लागि अनुरोध गर्नुभयो ।

प्रदर्शनीमा कीर्तिपुरको २५० वर्षअघिदेखि हालसम्मको इतिहास, कला-संस्कृति, नेवारी समाज र संस्कार तथा सम्पदा क्षेत्रका गरी २ सय वटा फोटोहरु राखिएका थिए ।

विहान ९ बजेदेखि साँझ ६ बजेसम्म गरिएको फोटो प्रदर्शनी करिव ३ हजारले अवलोकन गरेका थिए ।

क्लवका अध्यक्ष मीमकुमार महर्जनको सभापतित्वमा भएको कार्यक्रममा फोटोग्राफर राजभाइ सुवाल, कीर्तिपुर नपाका अनुज प्रधानलगायतले बोल्नुभएको थियो ।

कीर्तिपुरको ऐतिहासिक फोटो प्रदर्शनीको लक्ष्य ५० वर्षअघिको मौलिक जीवनशैली,



फोटो: नारायण महर्जन

भेष भुषा, जात्रा र अन्य प्रदर्शन गर्नुथियो, कीर्तिपुरको ऐतिहासिक फोटो प्रदर्शनीमा राखिएको फोटोहरु विभिन्न देश विदेशका फोटोग्राफरले खिचिएका थिए ।

प्रदर्शनी स्थलमा अवलोकनकर्ताहरुको घुईंचो लागेको थियो ।

## राराहिलको रजत जयन्ती (२५ वर्ष) सम्पन्न





कीर्तिपुर । राराहित मेमोरियल स्कुल स्थापनाको २५ वर्ष पुगेको छ । यस अवसरमा बैशाख २२ गते विद्यालयमा विशेष कार्यक्रम गरी रजत जयन्ती मनाइयो ।

प्रमुख अतिथि प्रदेश नं. ३ का सामाजिक विकास, शिक्षा तथा संस्कृतिमन्त्री युवराज दुलालले रजत जयन्तीको पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभएको थियो ।

त्यसक्रममा मन्त्री दुलालले सहिदको नाममा स्थापित राराहितको २५ औं वर्ष जवानी वर्ष भन्दै विद्यार्थीको भविष्य उज्ज्वल पार्न अझ महत्वपूर्ण योगदान दिने बताउनुभयो । शैक्षिक गुणस्तर विकास गर्नमा आफ्नो तर्फबाट गर्नसक्ने सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

विशेष अतिथि इटालीका सहयोगीदाता फाउष्टो स्टोफनीले शिक्षाको विकासमा, समाजको सेवामा आफ्नो देशमा जस्तै नेपालमा पनि गर्न चाहना रहेको बताउँदै सहिदको उच्च मूल्याङ्कन गर्दै सहिदको नाममा स्थापित राराहिल स्कुलमा सहयोग गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो ।

विद्यालयका प्रिन्सिपल जगत बहादुर महर्जनले विद्यालयको स्थापनदेखि हालसम्मको स्थितिबारे अवगत गराउनुभयो । वहाँले विद्यालयको प्रगतिमा विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, विद्यार्थी र शुभचिन्तकहरुको सहयोगबाट नै भएको भन्दै सबैलाई धन्यवाद दिनुभयो ।


विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रमुख गुठियार एवं कार्यक्रमका सभापति तुलसीदास महर्जनको सभापतित्वमा भएको कार्यक्रममा अभिभावकको तर्फबाट दिलिप महर्जन, विद्यार्थीको तर्फबाट सोविता क्षेत्री, शिक्षकको तर्फबाट निरज महर्जन, राराहिल फाउण्डेशनका अध्यक्ष कृष्ण बहादुर महर्जन, पूर्व प्रिन्सिपल नारायण महर्जन, इटालीयन काउन्सिलका काउन्सिलर सविता श्रेष्ठलगायतले विद्यालयको प्रगतिबारे बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि, अतिथिहरुलाई मायाको चिनो प्रदान गरिएको थियो भने विद्यार्थीहरुबाट सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो ।

## ज्येष्ठ नागरिक सेवा केन्द्रको जग शिलान्यास

पाँगा । ज्येष्ठ नागरिक सेवा केन्द्र पाँगाको यही ३० गते आइतबार भवन निर्माणको लागि जग शिलान्यास हुने भएको छ ।

कीर्तिपुर नपा वडा नं. ५ निवासी माथँ महर्जन, हरिदेवी महर्जन, मधुकर महर्जन र एलिप महर्जनको नाममा रहेको ६ आना जग्गा दान प्राप्त भएपछि श्रीमद् भागवत महायज्ञ बैशाख ७-१५ सम्म सप्ताह गरी संकलित रकमबाट सो भवन निर्माण हुन लागेको हो ।



प्रस्तावित भवन

जग शिलान्यास संघीय सांसद काठमाडौं क्षेत्र नं. १० का राजेन्द्रकुमार केसीले विहान ८:३० बजे गर्ने केन्द्रले जनाएको छ ।

### हिसाव सार्वजनिक गरिने

ज्येष्ठ नागरिक सेवा केन्द्रको आयोजनामा भएको श्रीमद् भागवत महायज्ञ सप्ताहको आम्दानी खर्च हिसाव भोलि २९ गते शनिबार विहान ७ बजे पत्रकारमार्फत् सार्वजनिक गरिने भएको छ ।

स्मरणीय छ, सप्ताहबाट झण्डै ३५ लाख नगद संकलन भएको स्रोतले यस अघि नै बताएका थियो ।

## राजस्व संकलन अब वडाबाटै

कीर्तिपुर । कीर्तिपुर नगरपालिकामा लिईंदै आइरहेको मालपोत, घरजग्गा कर, सम्पत्ति कर अब वडा वडा बाटै नै संकलन गरिने भएको छ ।

बैशाख २० गते कीर्तिपुर नपा वडा नं. ९ मा नगरप्रमुख रमेश महर्जनले राजस्व संकलनको सफ्टवेयर अन (चालू) गरेर उद्घाटन गर्नुभयो ।

अब वडावासीले तिर्नुपर्ने राजस्व सम्बन्धित वडामा बुझाउन सकिनेछ ।

आगामी आ.व.देखि अर्थात् साउन १ गतेबाट एकीकृत सम्पत्ति कर लागु हुने भएको छ ।

**आफ्नो अधिकारको खोजी गर्दा अरूका अधिकार एवं प्रचलित नियम कानूनहरूको पनि ख्याल गरौं ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना विभाग**

**के तपाईंलाई थाहा छ ?**

२०७५ साल जेष्ठ १ गतेदेखि कीर्तिपुर नगरपालिका क्षेत्रमा २०X३५ इन्च साइज र ४० र सो भन्दा कम माईक्रोन मोटाई भएका प्लास्टिक झोलाहरुको आयात, भण्डारण, बिक्री वितरण तथा प्रयोग गर्न प्रतिबन्ध लगाउने नगर कार्यपालिकाको निर्णय







भएकोले ऐतिहासिक, धार्मिक, पुरातात्विक धरोहरहरुले भरिपूर्ण पर्यटकीय विकासको दृष्टिकोणले प्रचुर सम्भावना रहेको यस कीर्तिपुर नगरपालिकालाई प्रदुषणमुक्त शहर बनाउने तथा स्वच्छ कीर्तिपुर अभियानलाई सफल बनाउन सम्पूर्ण सरोकारवाला संघसंस्था एवं नगरवासीहरुको सहयोग र सद्भावको अपेक्षा गर्दछौं ।

**कीर्तिपुर नगरपालिका**
**स्वास्थ्य तथा फोहोरमैला व्यवस्थापन समिति**

## ऐतिहासिक जनअन्दोलन २०४६ चैत्र २० गते शहादत अमर सहिद


लनबहादुर महर्जन
वि सं. २००६ माघ


हिराकाजी महर्जन
वि सं. २०१७ माघ


राजमान माली
वि सं. २०२५ मंसिर


राजेन्द्र महर्जन
वि.सं. २०३० चैत


## सहिद साप्ताहिक

वर्ष १५, अंक ६, २०७५ बैशाख २८ गते शुक्रबार

शंखापुर प्रकाशन समूहको लागि

सम्पादक/प्रकाशक: नारायण महर्जन
कम्प्युटर टाइप/सेटिङ्: सहिद डेक्सटप
सम्पर्क कार्यालय: जहूँ हिटी युवा क्लव - ११
पाँगा, कीर्तिपुर, फोन नं. ४३३०५८३, ९८४१४३६०२२
E-mail:- kipushahid@hotmail.com
kipushahid@gmail.com
www.kipushahid.blogspot.com
मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं


## सम्पादकीय...

### नेपालले कहिल्यै भुल्ने छैन 'नाकाबन्दीका नायक मोदी'

*स्वतन्त्र र सार्वभौम राष्ट्र नेपाल र स्वाभिमानी नेपाली कहिले दासतामा बस्न चाहँदैन ।*

*वीर बलभद्र, अमर सिंह थापा जस्ता राजनेताहरुको योगदानले सिंचित नेपाल आफ्नो अस्तित्व र मर्यादामा रहेको छ ।*

*स्वतन्त्र र सार्वभौम देशको अखण्डतामाथि आँच आउने काममा नेपाली जनता सहय छैन । तर सरकारको कमजोरीको कारण देशको क्षणिक स्वार्थमा, सत्ताको स्वार्थमा फसेर नेपालको अस्तित्वमाथि छिमेकी देश भारतले बारम्बार दुःख दिइरहेको छ ।*

*सुस्ता, कालापानी नेपालको भूभागमा आफ्नो रवैया चलायो भने नेपाललाई अस्थिर बनाई देशको विभिन्न भागमा सीमा अतिक्रमण अहिले पनि रोकेको छैन ।*

*१९५० को सुगौली सन्धीदेखि नेपाल ठगिँदै आइरहेको छ भने यो २१ औं शताब्दीमा त नवउदारवादको नाममा झन ठगिएको छ । कोशी, गण्डक, टनकपुर, महाकाली सम्झौता, लगानी बोर्ड लगायत विविध सम्झौतामा नेपाल हारेको छ । फाइदा सबै भारतले लिएको छ । पछिल्लो समयमा नेपालले संविधान सभाबाट नयाँ संविधान जारी गर्दा समेत अवरोध खडा गर्ने दुष्प्रयास चाल्यो । भारतको चाहना पुरा नभएपछि देशले तेस्रो पटक नाकाबन्दी झेल्न बाध्य भयो ।*

*तेस्रो पटकको नाकाबन्दीको नायक थिए भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी ।*

*६ महिनासम्म नेपाली जनतालाई पेट्रोलियम पदार्थ, खाद्यबस्तुलगायत अति आवश्यक सामग्री थप्प पारी धेरै सास्ती दियो ।*

*आज त्यही नाकाबन्दीका नाइके मोदीको नेपाल भ्रमणको क्रममा जनकपुर र काठमाडौंमा अभिनन्दन गरिँदै छ ।*

*नेपाली जनताले कहिल्यै भुल्ने छैन । नेपाली जनतालाई दिएको नाकाबन्दीको सास्ती । नेपाल आत्मनिर्भर बन्ने अवसर शासक दलका नेतालाई पचेन । आज ३ वर्षपछि त्यही मोदीलाई अभिनन्दन गरेर नाकाबन्दीको पाप मोचन गरिँदै छ । नेपाली जनताका शासक दलहरु भारतीय एकाधिकारी पूँजीसँग लम्पसार हुँदैछन् ।*

*नाकाबन्दीको घाउमा मल्हम लगाउने कार्य नेमकिपाले गरेको प्रष्ट छ । नाकाबन्दीको विरोधमा भारतीय राजदूतावास घेराउ र ज्ञापनपत्र दिने देखिलिएर संसदमा नाकाबन्दीको विरोधमा नारा लगाएपछि मोदीको घैंटोमा घाम लाग्यो र अघोषित नाकाबन्दी अघोषित ढंगले फिर्ता लिन बाध्य भयो ।*

*मोदीलाई अभिनन्दन गर्न लम्पसार हुने शासक दलहरुले भ्रमणको अवसरमा नेपाली माथि भैरहेको थिचोमिचोको विरोधमा आवाज उठाई अन्तर्राष्ट्रिय ध्यानाकर्षण गर्नु नेपाल र नेपालीको हितमा हुनेछ ।*

# मोदीको नेपाल भ्रमण नेपालकै हितमा होला ?

**– निमकान्त पाण्डे**

प्रधानमन्त्री केपी ओलीले भारतको औपचारिक भ्रमण सम्पन्न गरेको अझै एक महिना बितेको छैन, भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाल आउने चाहना व्यक्त गरेका छन् । यो संयोगप्रति व्यापक आशङ्का बढेको छ । आशङ्का बढ्नुमा नेपालप्रति भारतको बक्रदृष्टि हो भन्ने कुरा स्पष्ट छ । भारतले नेपाललाई हेर्ने दृष्टिकोण अत्यन्त 'ठालू' पाराको छ । ठालू यसकारण कि, भारतले नेपाललाई आफू मातहतको एउटा सानो राज्यको रुपमा व्यवहार गर्न खोज्दछ । विगतकालमा यही अनुभूति भएको छ आम नेपालीहरूमा ।

भारत सरकारले नेपाल एउटा सार्वभौमसत्ता सम्पन्न छिमेकी मुलुक हो भन्ने यथार्थलाई आत्मसात् गर्न सकिरहेको छैन । नेपाललाई सानो मुलुकको रुपमा भारतले व्यवहार गर्न चाहेको स्पष्ट हुन्छ । खुला सिमाना र भारतवेष्ठित भएका कारण नेपाललाई भारतको सहयोग अपरिहार्यजस्तै छ । उत्तरतिरको छिमेकी मुलुक विश्वकै धनी बन्ने प्रतिस्पर्धामा रहेको तर उत्तरतिरको नेपालको सिमाना प्राकृतिक रुपले नै जटिल रहेको कारण नेपालको विकासमा दक्षिणको सहयोग आवश्यक हुन पुगेको छ । परन्तु दक्षिणको शासकवर्ग नेपालको हितमा प्रस्तुत हुन चाहेको पाइँदैन । पटक-पटक भइरहने सीमा अतिक्रमण र नेपालको जलसम्पदामाथि आफ्नो कब्जा जमाउने दक्षिणको छिमेकीको चाहनाले गर्दा नेपालको सम्बन्ध सदैव तिक्ततापूर्ण रहँदै आएको छ ।

६ दशकदेखि नेपाली जनताले बनाउन चाहेको तर बनाउन नपाएको संविधान २०७२ सालमा ८ वर्षको संविधानसभाको अथक प्रयत्नपछि जारी भयो । यति ठूलो सङ्घर्षपश्चात् तयार गरिएको संविधानलाई दक्षिणको छिमेकीले अस्वीकार गरिदियो । यही संविधानलाई आधार बनाएर ६ महिनासम्म नाकाबन्दीसमेत गऱ्यो । छिमेकीको यो दुर्व्यवहार जतिसुकै निन्दा गरे पनि कम हुन्छ । तर नेपाली मन हो, संसारभरि शान्तिको सन्देश प्रवाह गर्ने गौतम बुद्धले जन्म लिएको नेपाल हो, छिमेकीप्रति नेपाल र नेपाली जनताको शत्रुतापूर्ण भावना लामो समय रहन सकेन । नाकाबन्दीमा सहनु परेको कष्ट सबै बिर्सिएर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको स्वागतका निम्ति नेपाल र नेपाली जनता तयार भएर बस्नुपरेको अहिलेको यथार्थ हो ।

भारतका प्रधानमन्त्रीबाट निम्तो प्राप्त भएपछि भ्रमणमा जानु हाम्रा प्रधानमन्त्री केपी ओलीको बाध्यता नै हो भन्नुपर्दछ । खुला सिमाना रहेको, रोटीबेटीको सम्बन्ध रहेको छ, भाषा र संस्कृतिको सम्बन्ध रहेको छिमेकी देशबाट भ्रमणका निम्ति अनुरोध आएपछि स्वाभाविक रुपमा त्यो भ्रमण हुनुपर्दथ्यो, भयो । केही पक्षबाट भारतको भ्रमण नगरी चीनको बोआओ सम्मेलनमा सहभागी हुन प्रधानमन्त्री ओली जानुपर्दथ्यो भन्ने आशयका टिप्पणी पनि आएका छन् । स्वयं चीनका तर्फबाट भने प्रधानमन्त्री ओलीले पहिले चीनको भ्रमण गर्नुपर्थ्यो भनेर कुनै प्रतिक्रिया जनाएको पाइएको छैन, अर्थात् भारतको भ्रमण पहिले किन गऱ्यौ भनेर नेपालका प्रधानमन्त्रीलाई चीनले कुनै गुनासो व्यक्त गरेको छैन । नेपालका केही आलोचकहरूले मात्र प्रधानमन्त्री ओलीको भारत भ्रमणलाई ठूलो मुद्दा बनाएको देखिन्छ । हुन त आलोचकहरूबाट आएका आलोचनाहरू पनि तर्कसंगत नै देखिन्छन् ।

भारतको नेपाललाई हेर्ने दृष्टिकोण नै सकारात्मक हुन नसकिरहेको अवस्थाले गर्दा भारतप्रति सशंकित भइरहनु नेपालीहरूको बाध्यता रहन गएको छ । परन्तु प्रधानमन्त्री केपी ओलीले भारतको निमन्त्रणालाई अस्वीकार नगरेर भारत भ्रमण गर्दैमा चीनसँगको सम्बन्ध बिग्रिन्छ भन्ने सोचाइ नितान्त गलत हो भन्ने लाग्दछ । चीन विश्वकै शक्तिशाली देशका रुपमा उकालो चढिरहेको एउटा सभ्य सामाजिक संस्कार भएको मुलुक हो । यो मुलुकले कुनै पनि देशमाथि आफ्नो हैकम कायम गर्न चाहना गरेको पाइँदैन । विश्वका सबै मुलुकसँग समान सम्बन्ध बनाउन सङ्कल्पित भएर लागिरहेको यो मुलुकका लागि नेपालले आफ्नो छिमेकी भारतसँग सुमधुर सम्बन्ध बनाएको हेर्न चाहनु स्वाभाविक हो । भारतसँग नेपालको सम्बन्ध बिग्रनु भनेको चीनका निम्ति पनि टाउको दुःखाइको विषय बन्न पुग्ने हुन्छ । त्यसैले भारत र नेपालको सम्बन्धप्रति चीनको सहयोगी भूमिकाको अपेक्षा गरिनु स्वाभाविक हो ।

छिमेकी देश भारतले पनि ६ महिनासम्म नेपालविरुद्ध नाकाबन्दी गर्दा नेपालमा भारतविरोधी भावना निकै गुणात्मक फड्को मारेर वृद्धि भएको यथार्थलाई हेरिरहेको छ । त्यही यथार्थलाई मध्यनजर गरी नेपालसँग सम्बन्ध सुधार्ने चाहना भारतले गर्नु स्वाभाविक हो । नेपालप्रति भारतको सहयोगी भावना नभए पनि नेपाल विरुद्धको भावना नभइदिए हुन्थ्यो भन्ने आम नेपालीको चाहनालाई भारतीय शासक वर्गले बुझ्न सक्यो भने त्यो नै नेपालका लागि ठूलो उपलब्धि हुनेछ ।

प्रधानमन्त्री केपी ओलीले भारत भ्रमणका क्रममा नेपालको अहितमा कुनै काम गरेका छैनन् भनेर नेपाली जनताले विश्वास गरिरहेको अवस्था छ । परन्तु कोशी उच्च बाँध सम्बन्धमा जुन किसिमका चर्चा बाहिर आएका छन्, ती चर्चाले आशङ्का जन्माएको छ । सरकारका तर्फबाट कुनै प्रतिक्रिया नआउनु झनै ठूलो विडम्बना भएको छ । नेपालको अहितमा छ भन्दाभन्दै कोशी उच्चबाँध प्रधानमन्त्री केपी ओलीबाटै भारतलाई उपहार चढाइएको हो भने त्यसले ऐतिहासिक कमजोरी साबित गर्ने निश्चित छ । प्रधानमन्त्री केपी ओली भारत भ्रमणको चर्चा भइरहेको अवस्थामा भारतका प्रधानमन्त्री नेपाल भ्रमणमा आउने इच्छा व्यक्त गर्नुका पछाडि के कारण होला भनेर नेपाली जनमानसमा ठूलो आशङ्कायुक्त जिज्ञासा बढाएको छ ।

प्रधानमन्त्री केपी ओलीले आफ्नो भारत भ्रमणका क्रममा नेपाल र भारतबीच विगतमा भएका असमान सन्धिसम्झौताहरू खारेज गर्नुपर्दथ्यो भन्ने खालका अपेक्षा गरिएका टिप्पणीहरू पनि आएका छन् । अरुले गरेका सन्धिसम्झौताहरू केपी ओलीबाटै खारेज गरिनुपर्थ्यो भन्ने अपेक्षा गरिनुले केपी ओलीप्रतिको विश्वासलाई सङ्केत गर्दछ । अरुबाट भएका राष्ट्रघाती कामहरू केपी ओलीले सच्याएर अगाडि बढ्नुपर्छ र नेपाललाई समृद्धितिर बढाउनुपर्छ भन्ने अपेक्षा नेपाली जनमानसमा देखापर्नु स्वयं प्रधानमन्त्री केपी ओलीको निम्ति सौभाग्य पनि हो । यस्तो यस्तो सौभाग्य जो कोहीले पाउँदैन । नेपाल र भारतबीच यसअघि भएका कुनै पनि सन्धिसम्झौताहरू असमान छन् भन्ने दाबी नेपाली पक्षको रहँदै आएको छ ।

भारतपक्षबाट नेपाल-भारतबीच भएका सन्धिसम्झौताहरू असमान रहेको भनेर टिप्पणी भएको पाइएको छैन । यसबाट पनि पुष्टि हुन्छ, नेपाल र भारतबीच भएका सन्धिसम्झौताहरू नेपालको हितमा छैनन् । त्यसैले नेपालको अहितमा भएका सन्धिसम्झौताहरू खारेज गरिनुपर्छ, नवीकरण गरिनुपर्छ, समयानुकूल गरिनुपर्छ, सम्मानजनक र समान हैसियतमा गरिनुपर्छ भन्ने चाहना नेपाली पक्षको रहनु स्वाभाविक हो । नेपालका प्रधानमन्त्रीले नेपाली जनताको यही चाहनालाई बुझेर छिमेकी देश भारतसमक्ष नेपालको अहितमा रहेका सन्धिसम्झौताहरू सच्याउन प्रस्ताव गर्न सक्नुपर्दछ । मित्रवत् सम्बन्धको सङ्केत नियमित भेटघाटले गरिरहेको छ । यो मित्रवत् सम्बन्धलाई आपसी हितको सवालमा उपयोग गर्न सकिएन भने इतिहासले पश्चाताप मात्र गराउने निश्चित छ । आगे कमरेड केपी ओलीकै मर्जी !


भाषा, साहित्य व संस्कृतिया सः
नेवाः एफ.एम १०६.६
NewaFM 106.6 MHz
न्हिच्छिचच्छि (२४ सै घण्टा) न्यनादिसँ/न्यंकादिसँ
नेवाः जुयागुया गौरव यानादिसँ
नेवाः एफ.एम. १०६.६
न्यामासिमा, च:ध्वाखा, किपू-२
फोन ल्या: ४३३४२२२
अनक मिडिया प्रा.लि.
न्यामासिमा, च:ध्वाखा, किपू-२
इमेल: ankmedia.newafm@gmail.com

## मार्क्सवादी साहित्यको अध्ययन गरौं ! नवउदारवादको विरोध गरौं !!

# नेपाल क्रान्तिकारी विद्यार्थी संघको बाह्रौं राष्ट्रिय सम्मेलन (२०७५ बैशाख २८–३०/काठमाडौं) को अपिल

देशभक्त, क्रान्तिकारी र प्रगतिशील विद्यार्थीहरुको साझा सङ्गठन नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको बाह्रौं राष्ट्रिय सम्मेलन आउँदो वैशाख २८-३० सम्म काठमाडौं उपत्यकामा हुँदैछ। निःशुल्क, अनिवार्य, वैज्ञानिक र उत्पादनश्रमसँग जोडिएको शिक्षा प्रणालीको लागि सङ्घर्षरत नेक्राविसङ्घको बाऱ्हौं सम्मेलन देशको सार्वभौमिकता र भूअखण्डता रक्षा गर्ने, वर्तमान पूँजीवादी शिक्षाविरुद्ध लड्ने, संरा अमेरिकी नेतृत्वको पश्चिमा साम्राज्यवाद तथा भारतीय बिस्तारवादविरुद्ध सङ्घर्ष गर्ने र जनताका समस्या समाधानको सङ्घर्षको शिलशिला हुनेछ। सम्मेलन भव्यताका साथ सम्पन्न गर्न सहयोगका निम्ति सम्पूर्ण विद्यार्थी, शिक्षक, प्राध्यापक, मजदुर, किसान, महिला, देशभक्त उद्योगी-व्यापारी, पत्रकारलगायतमा हार्दिक अपिल गर्दछौं।

**मार्क्स र मार्क्सवाद**


आजभन्दा दुई सय वर्ष पहिले जर्मनीमा कार्ल मार्क्सको जन्म सन् १८१८ मे ५ मा भएको थियो। त्यसबेला युरोपमा पूँजीवादको उत्थान र विकास भइरहेको थियो। अकूत नाफाको भोको पूँजीपति वर्गले मजदुरहरूमाथि अचाक्ली शोषण गर्दै थिए। शोषणको विरोधमा युरोपेली मजदुरहरुको आन्दोलन चर्केको थियो। मजदुरहरूको कहालीलाग्दो अवस्थाको निराकरण गर्न फ्रान्सका केही संवेदनशील मानिसले समानतासहितको समाजको कल्पना गरे। शोषक वर्गको 'हृदय परिवर्तन' गरी न्यायिक समाजको कल्पना गरेकाले उनीहरूलाई काल्पनिक समाजवादी भनियो। अर्कोतिर दर्शनको क्षेत्रमा हेगेलले जीवन र जगतलाई हेर्ने वैज्ञानिक पद्धतिको रुपमा द्वन्द्ववादको विकास गरे। जर्मनीकै दार्शनिक फायरवाखले चेतनालाई प्रधान मान्ने पुराना दर्शनको ठाउँमा वस्तुनिष्ठ भौतिकवादको विकास गरे। सारमा जर्मन दर्शन, बेलायती राजनीति अर्थशास्त्र र फ्रान्सेली समाजवादको आधारभूमिमा मार्क्सवादको उदय भयो। मार्क्सवाद पूँजीवादको उत्थान, विकास र पतनको विज्ञानको रुपमा देखियो।

समाजमा वर्ग र वर्ग सङ्घर्ष मार्क्स र एंगेल्सको आविस्कार थिएन। वर्ग र वर्ग सङ्घर्षसम्बन्धी सिद्धान्त उहाँहरुभन्दा अघिबाटै थियो। उहाँहरुले मानव समाजमा वर्ग र वर्ग सङ्घर्षको ऐतिहासिक विकासक्रमको द्वन्द्वात्मक भौतिकवादी अध्ययन गर्दै पूँजीवादी समाजको गहिरो अध्ययन गर्नुभयो। मार्क्सले नै पहिलोपल्ट इतिहासको भौतिकवादी व्याख्या गर्नुभयो। उहाँले अतिरिक्त मूल्यको सिद्धान्तको प्रतिपादन गर्नुभयो। यो सिद्धान्तअनुसार मजदुरमाथिको शोषण नै नाफाको स्रोत हो। पूँजीवादी समाजमा बारम्बार आइरहने आर्थिक सङ्कटले पूँजीवादको पतनको ढोका उघार्ने र कामदार वर्गको हुकुम स्थापना हुने कारण र अवसरको रुपमा मार्क्सले देखाइदिनुभयो। सन् १८४८ मा प्रकाशित मार्क्स र एंगेल्सको "कम्युनिष्ट घोषणा-पत्र" मा वैज्ञानिक समाजवादको यही निष्कर्षलाई अघि सारेको छ। यो वर्ष कम्युनिष्ट घोषणापत्र प्रकाशित भएको १ सय ७० औं वर्षगाँठ हो। मार्क्सवादको जगमा रुसी अक्टोबर समाजवादी क्रान्ति, चिनियाँ क्रान्ति, कोरियाली र क्युवाली क्रान्तिलगायतले समाजवादलाई समुन्नत पार्दै आएका छन्।

सन् २००८ को आर्थिक सङ्कटपछि विश्वभर मार्क्सवादी साहित्यको अध्ययन बढिरहेको छ। मार्क्सवादको सान्दर्भिकता झन्-झन् बढिरहेको छ। तसर्थ मार्क्सका रचनाहरूको अध्ययन एवम् छलफल गर्नु र नेपाली कम्युनिष्ट आन्दोलनमा देखिएका सैद्धान्तिक विचलन संशोधनवाद र अवसरवादविरुद्ध सङ्गठित भई सङ्घर्ष गर्नु कामदार वर्गका हरेक विद्यार्थीको कर्तव्य हो। यसै परिप्रेक्ष्यमा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको बाऱ्हौं राष्ट्रिय सम्मेलन हुँदैछ।

**नवउदार अर्थव्यवस्था**

भूकम्प र भारतीय नाकाबन्दीले देशको अर्थतन्त्र थप ओरालो लागिरहेको छ। निर्यातभन्दा आयात बढेको छ। वैदेशिक रोजगारीको नाममा युवाहरु बेचबिखनको कारण अर्थतन्त्र परनिर्भर छ। २०४६ सालपछि बनेको नेपाली काङ्ग्रेसको सरकारले शोषक वर्ग र शोषणलाई थप प्रोत्साहन दिने नवउदारवादी अर्थनीति लागु गऱ्यो। उदारवादी अर्थनीतिमा सरकारले उद्योगधन्दा एवं सार्वजनिक सेवामा हात हाल्दैन, सार्वजनिक सम्पत्तिलाई समेत निजीकरण गर्न प्रोत्साहित गर्छ। सरकार वैदेशिक पूँजीसमेत लगानी गराउन सघाउने नियामक मात्र हुन्छ। नेपाल सरकारले सार्वजनिक संस्थान र उद्योग कलकारखानाहरू एकपछि अर्को गर्दै निजीकरण गऱ्यो। छालाजुत्ता, कागज, कपडा, सिमेन्टआदि उद्योगहरूको निजीकरणले एकातिर ती वस्तुमा देश परनिर्भर बन्यो भने ठूलो सङ्ख्यामा नेपाली युवाहरू बेरोजगार बन्न पुगे। जोत्नेलाई जमिन वितरण गरी सामन्ती अधिनायकत्व अन्त्य नहुँदा तथा उन्नत बिउ-बिजन र यान्त्रिकीकरण नहुँदा आज अर्बौं रुपैयाँको विषादीयुक्त भारतीय अन्न, तरकारी र फलफूल नेपाली बजारमा भित्रिरहेको छ। नवउदारवादी अर्थनीतिकै कारण आज लाखौंको सङ्ख्यामा युवाहरू विदेशी भूमिमा दास बन्न बाध्य छन् भने हरेक दिन तीन/चार



नेपालीको लाश विमानस्थलमा आइरहेका छन्।

संशोधनवादविरोधी सङ्घर्ष

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनताका एमाले र माओवादी केन्द्रबीच 'वाम गठबन्धन' को चर्चा चुलियो। कम्युनिष्ट नामधारी यी दुवै दलले हाकाहाकी राजनीतिक क्रान्तिको युग सकियो, अब आर्थिक समृद्धिको युग आयो भनी पूँजीपति वर्गको हित गर्ने संशोधनवादको वकालत गरे। 'अन्तिम उद्देश्य केही होइन, आन्दोलन नै सबैथोक हो' भनी जर्मनीका चिन्तक एडुवार्डो बर्नस्टिनले कम्युनिष्ट आन्दोलनमा संशोधनवाद भित्र्याएका थिए। संशोधनवाद कम्युनिष्ट आन्दोलनमा देखा परेको पूँजीवादी विचार हो। यसले अन्ततः पूँजीपति वा शोषक वर्गकै सेवा गर्छ। पहिलो विश्वयुद्धताका जर्मन नेता कार्ल काउत्स्कीले आफ्नो देशका पूँजीपति शासक वर्गको पक्षमा वकालत गरे। यसले सारमा युद्धबाट फाइदा उठाउने जर्मन शासक वर्गकै सेवा गऱ्यो। त्यसैगरी सोभियत संघको कम्युनिष्ट पार्टीभित्र पसेको खुश्चेभको संशोधनवादी नीतिले अन्ततः समाजवाद नै विघटन गऱ्यो र संरा. अमेरिकी साम्राज्यवादको सेवा गऱ्यो। नेपालमा एमालेको 'जबज' र माओवादी केन्द्रको 'माओवाद' तथा 'एक्काइसौं शताब्दीको जनवाद' संशोधनवादी विचारकै निरन्तरता हो। एमाले र माओवादी केन्द्र पटकपटक सत्तामा गए। तर व्यापक मजदुर, किसानलगायत कामदार वर्गको जीवनमा खासै परिवर्तन आएन। ती सरकारहरूले पनि विदेशी पूँजीपति वर्ग एवम् तिनका दलालहरुको सेवा गरे। केही करोडपति अर्बपति बने, केही अर्बपतिहरू खर्बपति बने। तसर्थ, संशोधनवादविरुद्ध सङ्घर्ष गर्नु आजको आवश्यकता हो।

**शिक्षा र नवउदारवाद**

नेपालको संविधानमा आधारभूत शिक्षा निःशुल्क र अनिवार्य हुने बन्दोबस्त छ। तर निजी विद्यालयको मनपरीतन्त्र पनि कायमै छ। सरकारी विद्यालयका व्यवस्थापन समिति र शिक्षकहरु तथा शासक दलका नेताहरुका निजी विद्यालयमा लगानी छ। कक्षा १ मा भर्ना भएका लाखौं कामदार वर्गका विद्यार्थीहरू गरिबीको कारण आज पनि कक्षा १० नपुग्दै कामको खोजीमा लाग्छन्। एकातिर सरकारले शिक्षामा बजेट कटौती गरिरहेको छ भने दुर्गम जिल्लाहरूमा शिक्षक र शैक्षिक सामग्री नपुग्ने खबर नौलो रहेन। शिक्षक एवम् कर्मचारीहरू विद्यालय नगएर पार्टीका कारिन्दा बनेका समाचार नयाँ होइन। राजनीतिक भागबण्डाले देशको शैक्षिक क्षेत्रलाई ध्वस्त र धरासायी बनाउँदैछ। योग्य बेरोजगार छन् भने अयोग्यहरूको रजाईं छ। प्रतिभा पलायनमा राजनीतिक भागबण्डाले पनि सघाएको छ।

नेपालको शिक्षा र स्वास्थ्य क्षेत्र नवउदारवादको शिकार बनेको छ। देशको जेठो र सबभन्दा बढी विद्यार्थी पढ्ने त्रिभुवन विश्वविद्यालयलाई विश्व बैंकलगायतका दातृ निकायको शर्तमा कमजोर बनाउँदै लगिएको छ। नेपालमा सबैभन्दा बढी अनुदान आउने क्षेत्र विश्वविद्यालय शिक्षा हो। तर यसले विश्वविद्यालय शिक्षा झन्-झन् सीमित बनेको छ। केन्द्रीय क्याम्पसलाई 'सेन्टर अफ एक्सिलेन्स' बनाउने नाममा विश्वविद्यालय शिक्षामा केन्द्रीकृत सोचको प्रभाव बढ्दो छ। अनुसन्धान केन्द्रहरु जीवनहीन बनिरहेका छन्।

कुनै भरपर्दो विकल्पबिना प्रविणता प्रमाणपत्र तह खारेज गर्नु, शिक्षण शुल्क एकाएक पाँच गुणा बढाउनु र सेमेष्टर प्रणाली लागु गर्नाले विद्यार्थी सङ्ख्या घटिरहेको छ। प्रत्येक दुई वर्षमा १० प्रतिशतका दरले शिक्षण शुल्क बढाउने नियमले विश्वविद्यालय शिक्षा गरिबका लागि 'आकाशको फल-आँखा तरी मर' जस्तै भएको छ। मानविकी सङ्कायका कतिपय कार्यक्रमलाई विद्यार्थी अभावको बहाना बनाएर बन्द गरिदैछ। यसले कालान्तरमा देशका लागि विभिन्न विषयका विज्ञहरुसमेत विदेशबाट झिकाउनुपर्ने बाध्यता आइलाग्नेछ। राजनीतिक भागबण्डाले त्रिविलगायत देशका अधिकांश विश्वविद्यालयहरु 'विश्वविद्यालय कम, भर्ती केन्द्र बढी' भएका छन्। राजनीतिक आडबिना विश्वविद्यालयमा नियुक्ति लगभग असम्भव बन्न पुगेको छ।

कामदार जनताका छोराछोरी पढ्ने सरकारी शैक्षिक संस्थाबाट राज्यले हात झिक्दैछ भने महँगा निजी विद्यालय र विदेशी विश्वविद्यालय तथा शैक्षिक कार्यक्रमलाई मान्यता दिइरहेको छ। यो एक प्रकारको सांस्कृतिक आक्रमण स्वीकार्नु हो। त्यसो त नेपाली पाठ्यक्रम निर्माणमा विदेशीहरुको प्रत्यक्ष संलग्नताले नेपाली विद्यार्थीहरूमा विदेशिने प्रवृत्ति प्रबल बनिरहेको देखिन्छ। त्यसमाथि विदेशी विश्वविद्यालयको पाठ्यक्रम नै निर्बाध पढाइँदा बौद्धिक पलायन अझै बढ्नेछ। साथै केही भारतीय शैक्षिक कार्यक्रमले गणित, विज्ञानजस्ता विषयबिनै नेपालको एस.ई.ई.सरहको प्रमाणपत्र दिइरहेका छन्। यसले नेपाली विद्यार्थीहरूको गुणस्तर घटी देशलाई नै नोक्सानी हुने निश्चित छ।

नेपालको शिक्षा, स्वास्थ्यलगायत अर्थतन्त्रमा देखिएको नवउदारवादको विरोधमा सङ्घर्ष नगरी विद्यार्थीहरूको सुनौलो भविष्यको कामना गर्न सकिने स्थिति छैन। तसर्थ, आज विश्वभर नवउदारवादविरोधी आन्दोलनले उचाई लिइरहेको परिप्रेक्ष्यमा नेपालमा पनि यो सङ्घर्षलाई उठाउन आवश्यक छ।

**पूँजीवादी विद्यार्थी सङ्गठनहरू**

शासक दलका विद्यार्थी सङ्गठनहरूमा आफ्नो मातृपार्टीमा जस्तै सैद्धान्तिक प्रतिबद्धता र दुरदर्शिताको अभाव दखिन्छ। भारतमा श्रमजीवी वर्गका विद्यार्थीहरूमाथि साम्प्रदायिकताको आडमा हिन्दु फासीवादले निर्मम दमन गरिरहेको सर्वविदितै छ। मोदी सरकारले यसको नेतृत्व गरिरहेको छ। केही समय पहिले भाजपाको विद्यार्थी सङ्गठनको सम्मेलनमा शुभकामना सन्देश दिन नेपालका 'वामपन्थी', गैरवामपन्थी तथा सबै शासक पार्टीका विद्यार्थी संगठनका प्रतिनिधिहरू दिल्ली पुगे। यसले उनीहरूको बौद्धिक टाटपल्टाई पुष्टि गर्छ।

आजको शैक्षिक विकृति, विसङ्गति र गुणस्तरहीनताको लागि शासक दलीय विद्यार्थी सङ्गठनहरु पनि जिम्मेवार छन्। शिक्षामा नवउदारवादी विकृति भित्र्याउने निर्णयहरुमा नेविसङ्घ, अनेरास्ववियु र अखिल (क्रान्तिकारी) तीनवटै विद्यार्थी सङ्गठनले सहीछाप गरेका थिए। उनीहरू राजनीतिलाई कमाइ खाने भाँडो बनाइरहेका छन् भने शैक्षिक र स्वास्थ्य क्षेत्रका ठेकेदार र माफियाहरूले उनीहरूबाट भरपुर फाइदा उठाइरहेका छन्। सङ्गठित अपराधमा ठूला दलका विद्यार्थी नेताहरू मुछिएमा आश्चर्य मान्नुपर्ने कारण छैन। शासक दलका विद्यार्थी सङ्गठनहरू विद्यार्थीलाई अनिश्चित भविष्यको त्रास र राजनीतिक भनसुन एवम् आडको आश देखाएर सङ्गठन चलाइरहेका छन्। विद्यार्थीलाई सैद्धान्तिक शिक्षाभन्दा पनि मोजमस्ती, रसरङ्गजस्ता हल्काफुल्का कार्यक्रममा भुलाएर उनीहरू आफ्नो कुत्सित स्वार्थ पूरा गरिरहेछन्।

**साथीहरू,**

२०२५ सालमा सुस्तामा भारतीय विस्तारवादले गरेको सीमा अतिक्रमणको विरोधमा भएको आन्दोलनबाट जन्मेको नेक्राविसङ्घ देशको भूअखण्डता र सार्वभौमिकताको पक्षमा निरन्तर संघर्षरत छ। नेक्राविसङ्घ जनताको प्रजातन्त्र, समाजवाद हुँदै साम्यवादसम्म पुग्ने मातृपार्टी नेपाल मजदुर किसान पार्टीको उद्देश्यमा कटिबद्ध छ। नेक्राविसङ्घ विद्यार्थीहरूको राजनीतिक चेतना उठाएर मात्र परिवर्तन सम्भव छ भन्नेमा विश्वास गर्छ। छलछाम, गुण्डागर्दी, शैक्षिक हड्तालजस्ता अराजक गतिविधिको नेक्राविसङ्घ सदैव विरोध गर्दछ। निःशुल्क, अनिवार्य र श्रमसँग जोडिएको वैज्ञानिक शिक्षाका निम्ति आवाज उठाइरहेको नेक्राविसङ्घ विभिन्न आरोह अवरोह पार गर्दै १२ औं राष्ट्रिय सम्मेलनको संघारमा छ।

तसर्थ सम्पूर्ण न्यायप्रेमी विद्यार्थी, शिक्षक, विभिन्न पेशाकर्मी र देशभक्तहरूले सम्मेलनलाई भव्यतापूर्वक सम्पन्न गर्न उत्साहपूर्वक नैतिक, आर्थिक र भौतिक सहयोग गरिदिनहुन हार्दिक अपिल गर्दछौं।

**मितिः २०७५ बैशाख २८ गते, शुक्रबार**
**उद्घाटन समारोहः**
**त्रिवि केन्द्रीय क्याम्पस अडिटोरियम हल, कीर्तिपुर, काठमाडौं, दिनको १२:०० बजे**
**प्रमुख अतिथिः नारायणमान बिजुक्छें (रोहित) अध्यक्ष, नेपाल मजदुर किसान पार्टी**
**मितिः २०७५ बैशाख २९-३० गते (बन्द बैठक)**

**हाम्रा नाराहरू**

- निःशुल्क, अनिवार्य र वैज्ञानिक शिक्षा - लागू गर।
- शिक्षामा नवउदारवाद - मुर्दावाद।
- शिक्षाको व्यापारीकरण र निजीकरण - मुर्दावाद।
- अयोग्य शिक्षक र प्राध्यापकलाई - कार्यबाही गर।
- शिक्षामा सरकारी बजेट- बढाऊ।
- संरा अमेरिकी साम्राज्यवाद - मुर्दावाद।
- भारतीय विस्तारवाद -मुर्दावाद।
- स्वदेशमै रोजगारी- सुनिश्चित गर।
- मार्क्सवाद-लेनिनवाद र माओ विचारधारा - जिन्दावाद।
- संशोधनवाद र अराजकतावाद - मुर्दावाद।
- नेपाल मजदुर किसान पार्टी - जिन्दावाद।
- नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ - जिन्दावाद।
- नेक्राविसंघको बाऱ्हौं राष्ट्रिय सम्मेलन - सफल पारौं।

# मार्क्सको विचार र उद्देश्य आज पनि नौलो छः का. रोहित

**मार्क्सको २०० औं जन्म दिन मनाइरहेका छौं । मानव इतिहासमा मार्क्सको योगदानबारे तपाईंको बुझाई के हो ?**

हो, संसारका सचेत कामदार जनता, संवेदनशील बुद्धिजीवी समुदाय र मानव जातिको विकासबारे सुक्ष्म ढंगले चिन्तन गर्ने लेखक, कवि र कलाकारहरूले कार्ल मार्क्सको २ सय वर्षको जन्मोत्सव मनाइरहेका छन् ।

कार्ल मार्क्सको योगदानबारे चिन्तन गर्दा १४ मार्च १८८३ को कार्ल मार्क्सको समाधिमा फ्रेडरिक एंगेल्सको मूल्याङ्कन अत्यन्त उपयुक्त सम्झिन्छु । मानिसको जीवनमा संसारलाई परिवर्तन गर्ने एउटा नयाँ आविष्कार दिन सक्नु एक महान् काम हुन्छ । डार्बिनले जीव-विज्ञानको क्षेत्रमा विकासको नियम पत्ता लगाउनुभयो । त्यसले जीव जगतमा मात्रै होइन समाजशास्त्र र राजनैतिक क्षेत्रमा समेत प्रभाव पार्यो ।

कार्ल मार्क्सले मानव इतिहासको नियम पत्ता लगाउनुभयो, अर्थशास्त्रमा अतिरिक्त मूल्य पत्ता लगाउनुभयो र निजी सम्पत्ति र समृद्धि कसरी सामूहिक सम्पत्ति हुन्छ भन्ने प्रष्ट पार्नुभयो ।

सयौं वर्ष चिन्तकहरूले कल्पनामा आधारित समाजवाद र साम्यवादलाई वैज्ञानिक आधार दिनुभयो, जसको उदाहरण पेरिस कम्युन, बोल्शेविक समाजवादी क्रान्ति, समाजवादी चीन, प्रजग कोरिया, क्युवा आदि हुन् । पूँजीवादी समाजको पतन र सर्वहारा वर्गको शासनको अनिवार्यता र त्यसले ल्याउने मानव जातिको प्रगतिबारे उहाँले सुक्ष्म रुपले हेर्नुहुन्थ्यो जस्तो विजुलीको आविस्कारबाट संसारको हरेक क्षेत्रमा के कस्तो प्रभावहरू पार्नेछन् ।

मार्क्सले अर्थशास्त्र र गणितमा जस्तै पर्यावरण, समाजशास्त्र, कला र साहित्यमा समेत नयाँ देन दिनुभयो ।

पत्रकारिताको क्षेत्रमा ‘राइन समाचारपत्र’ र ‘नयाँ राइन समाचारपत्र’को सम्पादन गरी कार्ल मार्क्सले जर्मनीको राजनैतिक संसारमा क्रान्तिकारी आँधी ल्याइदिनुभयो । फ्रान्समा उहाँले ‘फ्रान्सेली-जर्मेनियाली वर्ष पत्र’ र ‘अग्रसर’ को सम्पादन गर्नुभयो ।

संगठनको हिसाबले कार्ल मार्क्सले फ्रान्स, ब्रुसेल्स र बेलायतका मजदुरहरूको संगठन सँगसँगै ‘अन्तर्राष्ट्रिय मजदुर संघ’ को स्थापना गर्नुभयो ।

कार्ल मार्क्सले एंगेल्ससँग मिलेर विचारको क्षेत्रमा र संगठनको क्षेत्रमा संसारलाई उज्यालो दिने आश्चर्यजनक कार्यहरू गर्नुभयो । तर त्यसबेलामा निरंकुश र प्रजातन्त्रवादी भन्ने सरकारहरूले उहाँलाई पक्राउ गरे तथा आ-आफ्नै देशहरूबाट निष्कासन गरे । पूँजीवादीहरूको आँखामा उहाँ सबभन्दा घृणित र विरोध गरिएका व्यक्ति हुनुहुन्थ्यो । तर उहाँले वर्गशत्रुहरूको त्यो तुच्छ भावना र लाञ्छनाहरूलाई माकुराको जालो र धुलो जस्तै झार्नुहुन्थ्यो ।

हो, एंगेल्सले भन्नुभएजस्तै उहाँको कुनै व्यक्तिगत शत्रु थिएन । तर उहाँको नाम र कार्यहरू संसारमा युग-युगसम्म सम्झिरहनेछन् ।

**भौतिक रूपमा मार्क्स संसारबाट विदा हुनुभएको पनि एक शताब्दीभन्दा लामो समय बितिसकेको छ । तथापि मार्क्सका विचार अर्थात् मार्क्सवाद अझै व्यापक र सान्दर्भिक बनिरहेको देखिन्छ । के कारणले यसको सान्दर्भिकता अझ बढिरहेको छ ?**

कार्ल मार्क्स १९ औं शताब्दीमा बित्नुभयो, २० औं शताब्दीमा पनि युरोपदेखि अमेरिका र एसियामा अत्यधिक चर्चित व्यक्ति उहाँ नै हुनुभयो- विश्वविद्यालय, कारखानाहरू र खेत र खलिहानमा ।

आज हामी २१ औं शताब्दीको सुरुमा छौं । हिजोभन्दा आज र आजभन्दा भोलि संसारमा उहाँको चिन्तन, योगदान र रचनाहरूबारे बढी चर्चा र अध्ययन हुनेछ । अर्थशास्त्रमा दश वर्षमा एकपटक हुने आर्थिक संकट पूँजीवादी व्यवस्थाको निको नहुने रोग हो र मजदुर वर्गको शासन वा समाजवाद मात्रै त्यसको उपचार हो भन्ने उहाँको आविष्कार र अध्ययनको परिणाम २१ औं शताब्दीको सुरुमा सबभन्दा बढी उहाँका रचनाहरू पूँजीवादी देशहरूमै बढी प्रकाशनहरू भइरहेका छन् । उहाँको चिन्तन विज्ञानसम्मत छ, त्यसैले उहाँ र उहाँका रचनाहरूको सान्दर्भिकता बढ्दैछ ।

**केही मानिसहरू मार्क्सवाद पुरानो भयो र यसको सान्दर्भिकता पनि अन्त्य भयो भन्ने विचार राख्छन् । के भन्नुहुन्छ ?**

संसारमा दिउँसो प्रकाश नदेख्ने प्राणीहरू पनि छन् । त्यस्तै अन्धविश्वासीहरू र धर्मभिरुहरू आज पनि पृथ्वी गोल छ र सूर्यलाई पृथ्वीले परिक्रम गर्छ भन्ने मान्दैनन् । तिनीहरूलाई कपर्निक, ग्यालिलियो र ब्रुनईको कुनै मूल्य छैन ।

त्यस्तै पूँजीवादी संसारलाई आर्थिक संकटले भूकम्पले जस्तै हल्लाइरहेको नदेख्ने, समाजवादी देशहरूको चौतर्फी प्रगति नदेख्ने, सन् २०२१ भित्रै संरा अमेरिकी अर्थतन्त्रलाई जनवादी गणतन्त्र चीनले पछाडि छोड्ने र सन् २०४९-५० सम्ममा युरोप र अमेरिकाको संयुक्त अर्थतन्त्र समेत पछि पर्ने गम्भीर आर्थिक संस्थाहरू र अमेरिकाकै वाल स्ट्रिटको अनुमान त्यस्तै छ भने दिउँसो आँखा नदेख्नेहरूलाई हामीले ‘विचरा’ मात्र भन्न सक्ने छौं ।

तर त्यस्ता विश्वको प्रगति नदेख्ने र विज्ञानसम्मत कुरा नगर्ने मानिसहरूको संख्या संसारमा घट्दैछ ।

**मार्क्सवाद विज्ञान हो र यो देशअनुसार र समयअनुसार परिवर्तन हुने हो भन्ने विचार फलाक्दै संसारमा एक थरी मानिसहरू मार्क्सका मूल विचारमाथि नै हमला गरिरहेका छन् नि ?**

पृथ्वीको आकर्षण शक्ति विज्ञानले पत्ता लगाएकै विषय हो, त्यस्तै जलवायु परिवर्तनको अध्ययन पनि एक विज्ञान नै हो । तर जलवायुमा प्रभाव पार्ने कारणहरूको भविश्वाणी गर्न टाढा-टाढाका सूचनाहरू पर्याप्त भई नसक्दासम्म सानतिना हावापानीको भविष्यवाणी गलत हुनसक्छ, त्यो स्वयं विज्ञान हो ।

पृथ्वी एउटै हो, तर विषुवत रेखीय देशको हावापानी, उष्ण कटीबन्धीय क्षेत्र र ध्रुवीय क्षेत्रको हावापानी समान हुँदैन । तर त्यहाँका जलवायुमा पर्ने प्रभाव पहिले नै पत्ता लगाई सकेजस्तै हरेक देशको आन्तरिक विकासक्रम, छिमेकी देशहरू तथा अन्तर्राष्ट्रिय क्षेत्रको के-कति प्रभाव पार्नेछ भन्नेबारे जानकारी हुनु पनि स्वयं विज्ञान नै हो ।

तर बिहान जसरी हुन्छ, त्यस्तै पूँजीवादी समाजको नसुल्झिने अन्तरविरोधले क्रान्ति जन्माउँछ र समाजवादको स्थापना अवश्यम्भावी छ । राती चिराग निभाउन खोज्ने प्राणीहरूको पनि कमी छैन तर तिनीहरुको भविष्य त्यही भष्म हुन्छ ।

**नेपालको सन्दर्भमा मार्क्सवादको प्रयोग भन्नुको अर्थ के हुनसक्छ ?**

नेपालमा श्रमिक वर्गको संगठन बढ्दै जानु,राजनैतिक क्षेत्रमा पनि मार्क्सवादको अध्ययन गर्ने नयाँ पुस्ता बढ्दै जानु र पूँजीवादी शासक दलहरूले समेत हाम्रो देश ‘समाजवादउन्मुख’ भन्न बाध्य हुनु नै मार्क्सवादको प्रभाव बढ्दै जानु हो । विश्वविद्यालयमा पढाइने समाजशास्त्रदेखि वातावरण विज्ञानमा समेत मार्क्सका रचनाहरूको अध्ययन भइरहेका छन् ।

**मार्क्सको व्यक्तित्वबाट तपाईंलाई सबभन्दा बढी प्रभावित बनाउने पक्ष के के हुन् ?**

राजनीतिशास्त्रमा सर्वहारा वर्गको राज्य, वैज्ञानिक समाजवादको अपरिहार्यता र त्यसपछिको खुड्किलो-शारीरिक श्रम र बौद्धिक श्रमको भेद हट्ने, किसान र मजदुरको भेद हट्ने, गाउँ र सहरको भेद हट्ने, शोषणरहित र राज्यसमेत ओइलिएर जाने साम्यवादी चरणबारे म अति आकर्षित छु ।



**सिद्धान्त, विचार, आदर्श आदि विषयमा भन्दा तत्कालका फाइदा हेर्ने र गहिरो विषयबस्तुमा “टाउको दुखाउन” नचाहने केही आजका युवाहरूलाई के मार्क्सवादी साहित्यबारे कसरी आकर्षित गर्न सकिन्छ होला ?**

मार्क्सवाद युरोपेली दर्शन भएको हुँदा र मार्क्सवादको विकासको विषयमा युरोपको तत्कालीन राजनैतिक परिवेश, त्यसैबेलाको अर्थतन्त्र वा पूँजीवादको विकास आदि विषयका जानकारी दिने पुस्तकहरू नेपाली भाषामा सार्है कम छन्, साथै हाम्रो विद्यालयको शिक्षाले युरोपको तत्कालीन विकासलाई नहुने हुँदा हाम्रा युवाहरूको जानकारी कम हुँदा एकैबाजी नौलो विषयमा हाम फाल्दा ‘टाउको दुख्नु’ स्वाभाविक हो । पूँजीवादी समाजमा छिट्टै काम पाउने र मामको बन्दोबस्त चाहनु परिस्थितिकै घचघच्याई हो । हाम्रो विश्वविद्यालयको पाठ्यक्रम समय सुहाउँदो र वैज्ञानिक भएमा नयाँ पुस्ताले मार्क्सवादलाई चाख मानेर अध्ययन गर्ने छन् किनभने मार्क्सवाद एक विज्ञान हो । नेपालका नयाँ पुस्तामा विज्ञानको अध्ययनमा रुची बढेको देख्दैछौं । कार्ल मार्क्सले कम उमेरमै युरोपका अनेकौं महाकाव्यहरू र विभिन्न देशका साहित्यहरू पढ्नुभएको थियो, जसको प्रभाव उहाँको राजनैतिक र ऐतिहासिक अनि अर्थशास्त्रको रचनाहरूमा समेत यत्रतत्र मगमगाउने फुलहरूसरह छरिएका छन् ।

**अन्त्यमा केही कुरा छन् कि ?**

सारमा कार्ल मार्क्स १९ औं शताब्दीको एक महान चिन्तक, कामदार वर्गका गुरु र मानव जातिको आमूल परिवर्तन चाहने संसारका सबै जनताका प्रतिभाशाली मित्र हुनुहुन्छ । उहाँको विचार र उद्देश्य आज पनि नौलो छ, त्यस उद्देश्यको निम्ति हामी निरन्तर लाग्न अनुरोध गर्छौं ।

ग्यारेन्टी उपचार
नशा च्यापिएको घुँडाको दुखाई
आश्चर्यजनक रुपमा ग्यारेन्टी निको पार्ने
♦ जाँड-रक्सीको कुलत ग्यारेन्टी छुटाउने
♦ मुखै नबारीकन सुगर कन्ट्रोल गर्न
♦ महिला/पुरुषको यौन पावर बढाउन
♦ पेतको दाग अनुहारको चाँयापोतो हटाउन
♦ भुँडी घटाउन/शरीरको तौल बढाउन
♦ स्तन घटाउन, बढाउन/टाईट पार्न
फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग
दुरसंचारको गेटसँगै
फोन नं. ४३३६७०१
९८०३५०२२५९, ९८४१९८१९७६
Free Home Delivery
Not For Medicinal Use

हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं. १९९४/०९/२५

स्वर्गारोहणः
वि.सं. २०७५/०१/२१

स्व. राम बहादुर महर्जन

कीर्तिपुर नगरपालिका वडा नं. १ का वडा अध्यक्ष श्री हर्ष महर्जनका पिता **श्री राम बहादुर महर्जन**को ८१ वर्षको उमेरमा असामयिक निधन भएको हुँदा दिवंगत आत्मको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

रमेश महर्जन
नगर प्रमुख
कीर्तिपुर नगरपालिका
एवं
नगर कार्यपालिकाको कार्यालय परिवार
देवढोका, कीर्तिपुर

# विश्व सर्वहारा वर्गका महान् गुरू मार्क्स: एक चर्चा

**– सुरेश परियार**

अर्थशास्त्रमा रुचि हुनेहरू कार्ल मार्क्सलाई अब्बल अर्थशास्त्री भन्लान्। दर्शनमा चाख हुनेहरू दार्शनिक । साहित्यका रसिकहरू उहाँलाई मार्गदर्शक ठान्लान् । पत्रकारहरू तीव्र आलोचनात्मक चेत भएको पत्रकार मान्लान् । पत्रकार, दार्शनिक, अर्थशास्त्री वा एक समाज वैज्ञानिक कार्ल मार्क्सको दोस्रो व्यक्तित्व हो। प्रथमत: मार्क्स एक क्रान्तिकारी हुनुहुन्थ्यो। कुनै व्यक्ति क्रान्तिकारी नभएता पनि पत्रकार, दार्शनिक, अर्थशास्त्री वा समाज वैज्ञानिक बन्नसक्छ । त्यसैले मार्क्सको अन्त्येष्टिमा एंगेल्सले उहाँको जीवन-सार खिच्दै भन्नुभएको थियो, 'मार्क्स सबभन्दा पहिले एक क्रान्तिकारी हुनुहुन्थ्यो । मार्क्सको खास उद्देश्य पूँजीवादी समाज र यसले खडा गरेका राज्ययन्त्रहरू उखेल्नलाई कुनै न कुनै रुपमा योगदान गर्नु थियो । आधुनिक सर्वहारा वर्गको मुक्तिका लागि योगदान गर्नु मार्क्सको उद्देश्य थियो। उहाँ नै आधुनिक सर्वहारा वर्गको अवस्था, आवश्यकता र मुक्तिका सर्तहरूबारे सचेत पार्ने पहिलो व्यक्ति हुनुहुन्थ्यो । लड्नु उहाँको आधार थियो । उहाँले जति उत्साह, लगन र सफलतासाथ लड्नुभयो त्यसलाई कमैले टक्कर दिनसक्लान् ।'

मार्क्सले आफ्नो प्रसिद्ध कृति लुई बोनापार्टको अठारौं ब्रुमेयरमा लेख्नुभएको छ । मानिसले आफ्नो इतिहास आफै बनाउँछन्, तर आफूले चाहेजस्तो होइन। उनीहरूले आफूले रोजेको परिस्थितिमा नभई विगतले सुम्पेको पहिल्यैदेखि विद्यमान परिस्थितिमा इतिहास बनाउँछन् । मरेका सबै पुस्ताको संस्कार एक दु:स्वप्नजस्तै बाँचेकाहरूको दिमागमा थुप्रिन्छ । मार्क्स आफैमा आफ्नो समयको बौद्धिक उपलब्धिको साँचो सन्तान हुनुहुन्थ्यो । लेनिनले मार्क्सलाई उन्नाइसौं शताब्दीका तीनवटा सैद्धान्तिक धारलाई निष्कर्षमा पुऱ्याउने प्रतिभा भनी चित्रण गर्नुभएको छ । विश्वमै अघि बढेको युरोपेली सभ्यतामा हुर्केका ती सैद्धान्तिक धार थिए: जर्मन दर्शन, बेलायती राजनीतिक अर्थशास्त्र र फ्रान्सेली समाजवाद ।

त्यसो त सामाजिक जीवनमा जर्मनीलाई त्यसबेला बेलायत र फ्रान्सभन्दा पिछ्डिएको मानिन्थ्यो । तर दर्शनको क्षेत्रमा जर्मनीमा कान्ट, सोपेनहावर, हेगेल र फायरबाखजस्ता प्रतिभाशाली दार्शनिकहरू देखापरे । त्यसमा पनि हेगेलले जीवन र जगतलाई गतिमा हेर्ने पद्धतिको रुपमा द्वन्द्ववादका नियमहरू प्रतिपादन गरे। तर उनले आफ्नो वैज्ञानिक पद्धतिलाई तत्कालीन राजतन्त्रको चाकडीमा लगाए । मार्क्स विद्यार्थीकालमा उहाँबाट प्रभावित हुनुहुन्थ्यो । पछि उहाँले फायरबाखको भौतिकवादी दर्शनको पनि गहिरो अध्ययन गर्नुभयो । तर उनले आफ्नो निष्कर्षमा 'निरपेक्ष नैतिकता'को मनचिन्ते फुर्को जोडेका थिए। मार्क्सले यी दुवै दर्शनका मनोगत पाटाहरू पन्छाएर द्वन्द्वात्मक भौतिकवादको जग हाल्नुभयो। यो नयाँ दर्शन नै मार्क्सको अध्ययन-पद्धतिको वास्तविक जग बन्नपुग्यो । स्टालिनले यस दर्शनलाई 'मार्क्सवादको विश्वदृष्टिकोण' भन्दै यसरी अर्थाउनुभएको छ, मार्क्सवादको तरिका द्वन्द्ववादी र सिद्धान्त भौतिकवादी छ ।

मार्क्सभन्दा पहिले श्रमलाई अवैज्ञानिक आँखाले हेरिन्थ्यो। पूँजीवादी अर्थशास्त्रका सिद्धान्तकार एडम स्मिथले श्रमलाई कामदारले आफ्नो सुख, शान्ति र स्वतन्त्रता त्यागेको घटना मान्थे। र आफ्नो यही बलिदानको भर्पाईको रुपमा ज्याला लिएको ठान्थे । श्रमिकलाई पूँजीको दास मान्ने यस्तो कुलिन मानसिकता मार्क्सअघिका विद्वानमा पाइन्थ्यो । ह्यारी म्याग्डफ भन्छन्, मार्क्स र एंगेल्सले पहिलोपल्ट श्रमलाई मानव अस्तित्वको केन्द्रमा राखेर हेर्नुभयो। एंगेल्सले कसरी श्रमले गर्दा एकखालको बाँदर मानिसमा विकसित भयो भन्ने देखाइदिनुभयो । श्रमले जटिल रुप लिँदै जाँदा समाजको विकास भएको तथ्य आफैमा रोचक छ ।

मार्क्सअघि इतिहासलाई व्यक्ति विशेषको योगदानहरूको श्रृंखलाको रुपमा हेरिन्थ्यो । यी खास मानिसहरूको महिमाको थुप्रोमा आम श्रमजीवी जनताको आँसु र रोदन दबाइन्थ्यो। इतिहास महान् मानिसहरूको चेतनाले बनाउने र उनीहरूका काममार्फत् घर्तीमा प्रकट हुने ठानिन्थ्यो। तर मार्क्सभन्दा अघिका केही विद्वानहरू इतिहासलाई राजनीतिक र आर्थिक स्वार्थको परिणाम भएको निष्कर्षमा पुगे । यसैलाई आफ्नो वैज्ञानिक चिन्तन पद्धतिले पछ्याउँदै मार्क्स-एंगेल्स कम्युनिष्ट घोषणापत्रको पहिलो निष्कर्षमा पुग्नुभयो। अर्थात् अहिलेसम्म अस्तित्वमा आएका सबै समाजको इतिहास वर्गसंघर्षको इतिहास हो । घोषणापत्रको टुङ्गाउनीमा आह्वान गरिएको छ, शासक वर्गलाई कम्युनिष्ट क्रान्तिदेखि थरथर काँप्न दिउँ । सर्वहारासँग हार्नलाई आफ्नो साङ्लोसिवाय केही छैन। जित्नलाई संसार छ। विश्वका मजदुर, एक होऔं ! यसरी मार्क्सले इतिहासको साँचो निर्माता आम श्रमजीवी जनता भएको ठहर गर्नुभयो । मार्क्स जिउँदै छँदा एंगेल्सले लेख्नुभएको मार्क्सको जीवनीमा इतिहासको यो भौतिकवादी व्याख्याको श्रेय मार्क्सलाई दिनुभएको छ । यसै सिलसिलामा एंगेल्सले मार्क्सलाई जीव विज्ञानमा डार्विनको योगदानसँग दाँज्नुभएको छ ।

त्यसो त समाजमा वर्ग र वर्गसंघर्ष हुन्छ भन्ने निचोड मार्क्स-एंगेल्सको होइन । मार्क्स स्वयंले आफ्ना साथी वेडेमेयरलाई लेखेको एक पत्रमा यो कुरा स्वीकार्नु भएको छ । उहाँ लेख्नुहुन्छ, आधुनिक समाजमा वर्ग र वर्गसंघर्ष पत्ता लगाउने श्रेय मलाई जान्न । धेरैअघि नै पूँजीवादी इतिहासकारहरूले उक्त वर्गसंघर्षको ऐतिहासिक विकासको व्याख्या गरेका थिए। र पूँजीवादी अर्थशास्त्रीहरूले वर्गहरूको आर्थिक बनोटको विवेचना गरेका थिए। मैले गरेको नयाँ काम के साबित गर्नु थियो भने :


१. वर्गहरू उत्पादनको विकासमा खास ऐतिहासिक चरणसँग गाँसिएका हुन्छन् ।

२. वर्गसंघर्षले अनिवार्य रुपमा सर्वहारा वर्गको हुकुमतिर लैजान्छ ।

३. यो हुकुम आफैमा सबै वर्गहरूको उन्मूलनका साथै वर्गविहीन समाजतर्फको संक्रमण मात्र हो ।

मार्क्सले बेलायतको औद्योगिक क्रान्तिमार्फत् फस्टाएको पूँजीवादी समाजको मसिनो अध्ययन गर्नुभयो । भनिन्छ बेलायतका सांसदले पनि नपढी थन्काउने विभिन्न अध्ययन प्रतिवेदनहरू कबाडीकहाँबाट सस्तो दाममा किनेर समेत मार्क्सले अध्ययन गर्नुभयो । मार्क्सले इतिहासमा उल्लेखै नभएका धेरै पुस्तक एवं रिपोर्टहरूको बेलायती म्युजियममा गई अध्ययन गर्नुभयो। मार्क्सका शिष्य लाफार्जले लेख्नुभएको छ, तथ्यहरूको सत्यता अनेकपटक जाँचेर ढुक्क नभएसम्म मार्क्स आफ्ना निष्कर्षहरूबारे कुरा पनि गर्नुहुन्नथ्यो । कडा मिहिनेत र गहिरो जाँचबुझबाट जन्मेको पूँजीमा मार्क्सले पूँजीवादी शोषणको तरिकाको रुपमा अतिरिक्त मूल्यको सिद्धान्त अघि सार्नुभयो । आफैले घरिघरि ल्याउने आर्थिक संकटको शिकार पूँजीवाद आफै हुने घोषणा मार्क्सले गर्नुभयो। र पूँजीवादलाई चिहानसम्म पुऱ्याउने क्रान्तिकारी वर्ग भनी सर्वहारा वर्गतर्फ देखाउनुभयो । का.रोहितले मार्क्सवादको यसै पक्षलाई इङ्गित गर्दै भन्नुभएको छ, मार्क्सवाद पूँजीवादी समाजको उत्थान, विकास र पतनको नियम हो । यस निष्कर्षसँगै फ्रान्सेली समाजवादको वैचारिक धारले पूर्णता पायो । खासगरी सेन्ट साइमन, चार्ल्स फ्युरिएजस्ता दयालु विचारकहरू पूँजीवादको जंगली एवं शोषणकारी बनोटबाट आहत भएर सबै मानिस समान हुने समतामूलक समाजवादी समाजको कल्पना गर्न पुगेका थिए । पूँजीपति वर्गलाई सम्झाई बुझाई गरेर वा उनीहरूको मन परिवर्तन गरेर यस्तो समाज बनाउन सकिने उनीहरूको ठहर अव्यवहारिक थियो। काल्पनिक समाजवादीहरूको विचारले वर्गसंघर्षको प्रकाशमा व्यवहारिक रुप लियो । मार्क्स-एंगेल्सले व्यवहारिक रुप दिएको समाजवादलाई वैज्ञानिक समाजवाद भनियो। हाल बजारमा समाजवाद लेबल टाँगेका धेरै थरी झिल्के पार्टीहरू राजनीतिको नाममा कामदार वर्गलाई झुक्काउन र फुटाउन लागिपरेका छन् ।

मार्क्सले मान्छे, समाज र प्रकृतिलाई हेर्ने मात्र होइन फेर्ने विचार र व्यवहार दिनुभयो । सिद्धान्त र व्यवहारबीचको तन्किँदो खाडल पूँजीवादी समस्या हो । कुनै व्यक्ति मार्क्सवादी विधिको प्रयोगकर्ता, सैद्धान्तिक रुपमा मार्क्सवादको समर्थक वा व्याख्याता भएपनि व्यवहारमा प्रतिक्रियावादी हुनसक्छ । कुनै मानिस वैज्ञानिक नै भएपनि जनै लगाएर हिँडेको, श्रीमतीलाई महिनावारी बार्न लगाएको, चर्च वा मन्दिर धाएको आदि दृश्य समाजमा देखिन्छ । मार्क्सको समयमा पनि यस्ता बौद्धिक पाखण्डीहरू थिए। मार्क्स त्यस्ता ढोङ्गी र चाप्लुस प्रवृत्तिको विरोधी हुनुहुन्थ्यो । विज्ञानजनित निष्कर्षमा आफ्नो व्यक्तिगत धारणा घुसाउन खोज्ने प्रवृत्तिलाई उहाँ नीच ठान्नुहुन्थ्यो। त्यसैले उहाँले माल्थसजस्ता कथित विद्वानलाई घृणा गर्नुभयो । धाकधक्कु, आत्मवञ्चना, बहानाबाजी र अभिमानजस्ता मानवीय दोष उहाँको स्वाभावमा थिएनन् । त्यसैले मार्क्सका मित्र लिब्नेख्तले उहाँलाई 'औतारी स्पष्टवक्ता !' भन्नुभएको छ ।



मार्क्स विचारक मात्र नभई संघर्षशील नेता एवं अभियन्ता पनि हुनुहुन्थ्यो। मार्क्स पत्रकारितामार्फत् समाजिक गतिविधिमा होमिनुभयो। उहाँको सम्पादनमा निस्कने नयाँ राइन सन्देश पत्रिकाले शोषकहरूको सातोपुत्लो उडाउँथ्यो । शासक वर्गले पत्रिकामाथि बन्देज लगायो। मार्क्समाथि झुटा मुद्दा दायर गरियो । यसबाट कत्तिपनि विचलित नभई मार्क्सले अदालतमा भन्नुभयो, अबदेखि छापाको पहिलो काम भनेको वर्तमान व्यवस्थाका सबै जगलाई बेवास्ता गर्नु हो । मार्क्स-एंगेल्स जर्मनीको मजदुर आन्दोलन, पेरिस कम्युनजस्ता वर्गसंघर्षहरूमा होमिनुभयो। उहाँहरूले कम्युनिष्ट अन्तर्राष्ट्रियमार्फत् विश्वभर क्रान्तिकारी गतिविधि गर्न र कम्युनिष्ट प्रचारकार्य अघि बढाउन निकै मिहिनेत गर्नुभयो। जीवनको अन्त्यतिर आफूले पूँजीका अरु खण्डहरू लेख्न नसक्ने ठानेर मार्क्सले नयाँ पुस्तासँगको भेटघाट बढाउनुभयो । लाफार्जले उल्लेख गर्नुभएको छ, मार्क्स भन्नुहुन्थ्यो, 'मपछि कम्युनिष्ट प्रचारलाई अघि बढाउन मैले मानिसहरूलाई तालिम दिनु छ ।'

एंगेल्सले निकै सटिक शब्द रोज्नुभएको थियो। वास्तवमै मार्क्स जीवनपर्यन्त एक क्रान्तिकारी रहनुभयो । उहाँको जीवनकालमा नै कुनै व्यवस्थित समाजवादी क्रान्ति नभएता पनि उहाँ क्रान्तिका निम्ति नयाँ पुस्ता हुर्काउने क्रान्तिकारी अभियानका क्रममा मर्नुभयो। तर लिब्नेख्तका शब्दमा मृत्युपछि पनि 'जिवित मित्र' मार्क्स मजदुर वर्गका प्रमिथसका रुपमा प्रात:स्मरणीय रहिरहनु हुने निश्चित छ । आजदेखि संसारभर मनाईदै गरिएको मार्क्सको २०० औं जन्मजयन्तीको भव्य उत्सवले यहीं पुष्टि गर्छ ।

KIPU SCIENTIFIC TRADERS
(SCIENCE & SURGICAL HOUSE)
Kirtipur Branch, Nayabazar
Head Office: Tripureshwor, Ph. No.: 014252365
Email: shankarmaharjan39@gmail.com, Mob. No.: 9851007840, 9841301590
अब कीर्तिपुरमा

हाम्रो सेवाहरू:
१) SCIENCE LAB को लागि चाहिने सम्पूर्ण सामानहरू
२) HOSPITAL, CLINIC, PATHOLOGY LAB का साथै SURGICAL सम्बन्धि सम्पूर्ण सामानहरू
३) तितेपाती (ARTEMESIA) तेलका साथै विभिन्न जडिबुटीका तेलहरू
४) बैज्ञानिक अनुसन्धान, शैक्षिक प्रयोगशालाका ग्लास, उपकरणहरू डिजाइनिङ्, उत्पादन तथा मर्मत
५) MATH LAB को लागि चाहिने आवश्यक सामानहरू
स्थान : शहीद स्मारक कलेज जाने बाटो
कीर्तिपुर गेटसँगै, नयाँबजार
सम्पर्क नं. : ९८५१००७८४०, ९८४१३०१५९०
त्रिपुरेश्वर शोरूम : ०१-४२५२३६५
Deals in: Lab Chemicals, Glassware, Apparatus, Surgical, Veterinary, Agriculture, Research, Industries, School, Campus, Hospital Equipments etc.

# कीर्तिपुर व्याडमिन्टन क्लवको दोस्रो साधारणसभा सम्पन्न



कीर्तिपुर । कीर्तिपुर व्याडमिन्टन क्लवको दोस्रो वार्षिक साधारणसभा शनिबार कृष्ण क्याटरिङ्ग हलमा सम्पन्न भयो ।

कार्यक्रममा क्लवका सदस्य नारायण महर्जनले स्वागत मन्तव्य राख्दै क्लवको स्थापनाको इतिहासबारे प्रष्ट पार्नुभयो । उहाँले क्लवको सक्रिय सहयोगबाट कीर्तिपुरमा प्रतियोगितामा सफलता मिलेको बताउँदै क्लवले गरेका विद्यालयस्तरीय र खुला प्रतियोगिता सम्पन्न गरेको स्मरण गर्नुभयो ।

कार्यक्रममा क्लवका अध्यक्ष एवं सभाका सभापति राजु महर्जनले विगतका गतिविधिबारे प्रष्ट पार्नुभयो भने कोषाध्यक्ष चन्दन महर्जनले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

सचिव सुरज मालाकार, सदस्यहरु राजेन्द्र श्रेष्ठ, सुरेश बज्राचार्य, दयाराम डंगोल, गंगाराम महर्जन, मिलन महर्जनलगायतले क्लवलाई सक्षम बनाउनेबारे आ-आफ्नो धारणा राख्नुभएको थियो । कार्यक्रममा क्लवका सदस्य एवं खेलाडी स्थानीय तहमा निर्वाचित भएका वडा नं. ९ का वडा अध्यक्ष गंगाराम महर्जन र वडा नं. ३ का न.स.स. मिलन महर्जनलाई सम्मान गरिएको थियो ।

सभाले दयाराम डंगोलको अध्यक्षतामा १३ सदस्यीय नयाँ समिति गठन गरेको थियो । जसमा उपाध्यक्ष सुरज मालाकार, सचिव राजमान महर्जन, कोषाध्यक्ष चन्दन महर्जन र सदस्यहरुमा रमेश श्रेष्ठ, नारायण महर्जन, नवीन महर्जन, दिनेश महर्जन, मीमकुमार महर्जन, इश्वरमुनी बज्राचार्य, ओममुनी बज्राचार्य, राजेन्द्र श्रेष्ठ र मानचन्द्र श्रेष्ठ रेहेका छन् ।

# प्रदेश नं. ३ का कीर्तिपुर र बुढानिलकण्ठ भिड्ने

कीर्तिपुर । कीर्तिपुर नगरपालिकाद्वारा आयोजित प्रदेश नं. ३ अन्तरनगर प्रथम बास्केटबल प्रतियोगितामा कीर्तिपुर नगरपालिका र बुढानिलकण्ठ नपाबीच शनिबार भिडन्त हुने भएको छ ।

बिहीबार भएको सेमिफाइनल खेलमा कीर्तिपुर नगरपालिकाले बुढानिलकण्ठ नपालाई ३३ को विरुद्ध १०० स्कोर गरेका थिए । सो खेलमा कीनपाका शौरभ श्रेष्ठले २८ स्कोर गरेका थिए त्यसैगरी बुढानिलकण्ठले भक्तपुर नपालाई ५६ को विरुद्ध ८९ स्कोर गरेका थिए । सो खेलमा बुढानिलकण्ठका विनोद महर्जनले २० स्कोर गरेका थिए ।

फाइनल तथा पुरस्कार वितरण भोलि २९ गते शनिबार साँझ ४ बजे हुनेछ भने दक्षिणकाली र भक्तपुर नपाबीच दिनको २ बजे तेस्रो स्थानको लागि छनौट खेल हुनेछ ।

प्रतियोगितामा पहिलो हुनेले ५० हजार, दोस्रोले ३० हजार र तेस्रोले २० हजार पाउने छन् भने मोस्ट भ्यालुएवल प्लेयरले ५ हजार र टप स्कोररले ५ हजार सहित ट्रफी, प्रमाणपत्र हात पार्ने छन् ।

## सूचना ! सूचना !! सूचना !!!

**कीर्तिपुर नगरपालिकाबाट निम्न नीतिहरु निर्माण गर्ने क्रममा आ-आफ्नो विधा अन्तर्गत पर्ने क्षेत्रको नीति बनाउन स्वयंसेवी रुपमा सहभागी भई सहयोग गर्न इच्छुक विज्ञ तथा व्यक्तिहरुले कीर्तिपुर नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नु हुन हार्दिक अनुरोध गरिन्छ ।**

१) आर्थिक नीति २) पर्यटन नीति ३) कृषि नीति ४) भाषा तथा संस्कृति नीति
५) भू-उपयोग नीति ६) खेलकूद नीति ७) स्वास्थ्य नीति ८) सहकारी नीति
९) शिक्षा नीति १०) खानेपानी तथा सरसफाई नीति ११) संचार नीति
१२) पूर्वाधार विकास नीति लगायत अन्य आवश्यकता अनुसारको नीति

**नगर प्रमुख सचिवालय**

## कीर्तिपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय देवढोका, कीर्तिपुर
### सूचना

यस कीर्तिपुर नगरपालिकाको आयोजनामा हुने **तीन महिने काष्ठकला** सम्बन्धी तालिम लिन ईच्छुक देहाय बमोजिम योग्यता पुगेका नगरबासीलाई आवश्यक कागजात सहित मिति २०७५/१/३१ गते कार्यालय समयभित्र नगर कार्यपालिकाको कार्यालयमा दरखास्त दिनुहुन अनुरोध छ ।

**दरखास्त फाराम दस्तुर:** रु.३००।-
**आवश्यक कागजात:-**
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र
- एउटा पासपोर्ट साइज फोटो

पूनश्च: तालिम पश्चात् हासिल गरेको सीप व्यावसायिक रुपमा अंगाल्न चाहने प्रशिक्षार्थीलाई विशेष प्राथमिकता दिइने छ ।

## कीर्तिपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय देवढोका, कीर्तिपुर
### सूचना

यस कीर्तिपुर नगरपालिकाको आयोजनामा हुने एक हप्ते **Short-Term Survey Course** तालिम लिन ईच्छुक देहाय बमोजिम योग्यता पुगेका नगरबासीलाई आवश्यक कागजात सहित मिति २०७५/१/३१ गते कार्यालय समयभित्र नगर कार्यपालिकाको कार्यालयमा दरखास्त दिनुहुन अनुरोध छ ।

**न्यूनतम शैक्षिक योग्यता:** SLC/SEE (ऐच्छिक गणित पृष्ठभूमि)
**दरखास्त फाराम दस्तुर:** रु.५००।-
**आवश्यक कागजात:-**
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र
- एउटा पासपोर्ट साइज फोटो

# दमका बिरामीले प्रयोग गर्ने 'इन्हेलर' के हो ? कसरी काम गर्छ ?

**– डा. अशेष ढुंगाना**

दमबारे सचेतना फैलाउनका लागि 'ग्लोबल इनिसिएटिभ फर आस्थमा' नामक संस्थाले प्रत्येक वर्षको मे महिनाको पहिलो मंगलबारलाई विश्व दम दिवसका रुपमा मनाउने गरेको छ ।

दम श्वासप्रश्वास सम्बन्धी दीर्घ रोग हो । जसले बालबालिकादेखि वृद्ध-बृद्धासम्मलाई समान रुपमा असर गर्न सक्छ । सामान्यता यो रोग पुरुषको तुलनामा महिलामा बढी देखिन सक्छ । समयमै निदान र उपचार हुन नसकेको खण्डमा यसले सबै उमेर समूह र लिंगका मानिसलाई दीर्घ प्रभाव पार्न सक्छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार संसारमा २३ करोड मानिसमा दम रोग छ । दम रोगका कारण बर्सेनी हजारौंले अकालमै ज्यान गुमाउनुपर्ने स्थिति छ । विश्वमा दमका कारण हुने जम्मा मृत्युमा असी प्रतिशत नेपाल जस्ता अति कम र विकासोन्मुख देशमा हुने गरेको छ ।

**लक्षण**: दमका बिरामीलाई सास फेर्न अप्ठ्यारो महसुस हुनेगर्छ । साथै सास फेर्दा छातीबाट घ्यार-घ्यार आवाज आउँछ । सुरुसुरुको अवस्थामा यस्तो लक्षण हप्तामा वा दुई हप्तामा या महिना-दुई महिनामा एक पटक हुने गर्छ । तर, रोग जटिल हुँदै गएको खण्डमा दिनहुँ यस्तो समस्या आइपर्छ । धेरैजसो दमको समस्या राति वा बिहानीपख वा धुवाँधुलोको सम्पर्कमा आएको बेला देखिन्छ । त्यसका अलावा सामान्य रुघाखोकी भएको बेला वा भाइरल इन्फेक्सन भएको अवस्थामा पनि दम जटिल बन्दै जाने हुन्छ ।

घ्यार-घ्यारजस्तै खोकी पनि दमको एउटा मुख्य लक्षण हो । लामो समयसम्म खोकिरहेमा दमको परीक्षण गराउन जरूरी छ । कसैकसैलाई भने दमको समस्या नभई खोकी मात्र लाग्ने पनि हुन्छ । दम एक किसिमको एलर्जिक रोग भएका कारण बिरामीलाई रुघा लागिरहने र शरीर चिलाउने पनि हुन सक्छ ।

**"इन्हेलर" के हो ?**

दमका बिरामीलाई 'इन्हेलर' विधि (जसमा औषधिलाई यन्त्रको मद्दतले सिधै फोक्सोसम्म पुर्‍याइन्छ) बाट उपचार गरिन्छ । इन्हेलरबाट लिइने औषधिले द्रूत गतिमा मात्र काम गर्दैन । बढी प्रभावकारी पनि हुन्छ । औषधिको नगन्य मात्रा मात्र रक्तसञ्चारमा पुग्ने हुँदा यसले शरीरमा गर्ने 'साइड इफेक्ट' पनि कम हुन्छ । त्यसैले इन्हेलर विधिलाई श्वासप्रश्वासको उपचारका लागि सर्वोत्तम मानिएको छ । दमका बिरामीले प्रयोग गर्ने ब्रोङ्कोडाइलेटर र स्टेरोइड औषधिहरू इन्हेलरबाट दिइन्छ ।

सामान्यत: इन्हेलर यन्त्र तीन प्रकारका छन्- (१) एमडिआई (मिटर डोज इन्हेलर) (२) डिपिआई (ड्राइ पाउडर इन्हेलर) र (३) नेबुलाइजर ( नेबुलाइजरको प्रयोग धेरैजसो जटिल र अस्पताल भर्ना भएको अवस्थामा गरिन्छ) ।

एमडिआई र डिपिआई सजिलोसँग बोक्न र प्रयोग गर्न सकिने भएकाले घरमै प्रयोग गरिन्छ । मिटर डोज इन्हेलरमा औषधि 'स्प्रे'को रुपमा राखिएको हुन्छ । त्यस्तै ड्राइ पाउडर इन्हेलरमा औषधिको धुलो क्याप्सुलमा राखिएको हुन्छ । जुन इन्हेलर यन्त्रद्वारा लिइन्छ । यसका अलावा एमडिआईसँग श्वासको राम्रो संयोजन गर्न नसक्ने बिरामी र वृद्धावस्थाका व्यक्तिले 'स्पेसर' पनि सँगै प्रयोग गर्न सक्छन् ।

यी यन्त्रहरुको प्रयोग ठीक तरिकाले गर्न जरुरी छ । त्यसो भएमा मात्रै यिनीहरुको प्रभावकारिता बढी हुन्छ । इन्हेलर प्रयोग गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा भनेको इन्हेलर औषधि फोक्सोको भित्री भागसम्म पुर्‍याउनुपर्छ । यस प्रविधिको सफलता यसैमा निर्भर हुन्छ । इन्हेलर लिने सही तरिका चिकित्सकबाट सिक्नु जरूरी छ । औषधि दिने फर्मासिस्टले पनि औषधि दिँदा बिरामीलाई इन्हेलर लिने तरिका सिकाउनुपर्छ । ठूला र व्यस्त श्वासप्रश्वासका क्लिनिकहरूमा भने यी औषधि लिने विधि सिकाउने छुट्टै इन्हेलर एजुकेटरको व्यवस्था गरिएको हुन्छ ।

दम र क्रोनिक अप्स्ट्रक्टिभ पल्मोनरी डिजिज ( सिओपिडी) पनि मधुमेह र उच्च रक्तचापजस्तै दीर्घकालीन रोग हुन् । जसले दीर्घ रूपमा फोक्सोलाई क्षति पुर्‍याउँछ । लामो समय औषधि लिनुपर्ने हुनाले सबभन्दा प्रभावशाली र सबभन्दा कम साइड इफेक्ट गर्ने इन्हेलर विधि नै यसको सर्वोत्तम उपचार हो ।

**जोगिने उपाय**: दमको कारक तत्व पत्ता नलागिसकेको हुनाले यसबाट पूर्णरुपमा जोगिने उपाय विकास हुन सकेको छैन । तथापि रोग लागिसकेकाहरूले समयमै यसको निदान र उपचार गरेमा फोक्सोमा हुने दीर्घ प्रभावलाई न्यूनीकरण गर्न सकिन्छ । त्यस्तै, यसका जोखिमहरूबाट बच्नेतर्फ सोच्नुपर्छ । जस्तै, धुवाँधुलोको वातावरणबाट टाढा रहेर र मास्कको प्रयोग गर्ने, रुघाखोकीको समयमै उपचार गर्ने, तनावलाई न्यूनीकरण गर्ने जस्ता उपायले दम बल्झिनबाट जोगिन सकिन्छ ।

(छाती तथा श्वासप्रश्वास रोग विशेषज्ञ डा. ढुंगाना वीर अस्पतालमा कार्यरत छन्)

- स्वास्थ्य खबर

## हार्दिक श्रद्धाञ्जली



**जन्म:** वि.सं. २००३/१०/११　　**स्वर्गारोहण:** वि.सं. २०७४/११/२५

**स्व. अष्टमाया महर्जन**

यस संस्थाका संस्थापक एवं वर्तमान अध्यक्ष श्री अष्टमान महर्जनका ममतामयी आमा **श्रीमती अष्टमाया महर्जन**को २०७४ फागुन २५ गते असामयिक स्वर्गारोहण भएकोमा गहिरो दु:ख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । यस दु:खद् घडिमा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**बिलिभर्स बचत तथा ऋण सहकारी संस्था लि.**
कीर्तिपुर-३, ढल्पा